दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २२२ | बुटवल | २०८१ साउन २४, गते बिहीबार | नेपाल संवत ११४४ | Thursday Aug.8, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**फ्ल्याट भाडामा**

बुटवल उप-महानगरपालिका-८, सुख्खानगर भानुपथमा अवस्थित सुविधा सम्पन्न 3 BHK (3 Bed Room, 1 living Room, 1 Kitchen , 1 dining, 1 Toilet, Bath Room, 1 Toilet) गाडी पार्किङ्ग सहितको भुई तल्लाको फ्याल्ट खाली रहेकोले भाडा लिन इच्छुक अफिस, गोदाम तथा ठूलो परिवारले सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.**

**९८५७०३६७४९, ९८४७०८२०२१**

# कसरी भयो रूपन्देही प्रशासन देशमै उत्कृष्ट ?

**प्रजिअ अर्यालले व्यक्ति र संस्थाबाट हडपिएका सार्वजनिक जग्गा सरकारको मातहत ल्याउनेदेखि जनमैत्री कामहरुको सुरुवात गरेकाले रुपन्देहीका आम नागरिकमा कर्मचारी प्रशासनमाथि देखिएको निराशालाई कमी ल्याएको थियो । प्रशासकले चाहेमा नागरिकसँग हातेमालो गरेर उत्कृष्ट काम गर्न सक्ने पात्रको रुपमा रुपन्देहीका प्रजिअ अर्याललाई धेरैले उदाहरणको रुपमा लिने गरेका छन् ।**

**मोहम्मद हबिब**

*भैरहवा*

कार्यसम्पादनमा रुपन्देही जिल्ला प्रशासन कार्यालय देशमै उत्कृष्ट घोषणा भएको छ । गृह मन्त्रालयले तोकेको मापदण्डअनुसारको काम प्रभावकारी रुपमा सम्पादन गर्दै उत्कृष्ट कार्यसम्पादनका आधारमा रुपन्देही प्रशासन पहिलो बनेको हो । गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालयबिच भएको कार्यसम्पादन सम्झौता बमोजिम उत्कृष्ट कार्य गरेकोले देशभरका ७७ जिल्लामा रुपन्देही प्रथम भएको गृह मन्त्रालयले जनाएको छ ।

आर्थिक वर्ष २०८०/०८१ मा भएको कार्यसम्पादन सम्झौता मूल्यांकनमा ७७ जिल्लामध्ये रुपन्देही प्रशासनले ९८ अंक ल्याएको थियो । कार्यालयले पहिलो चरणमा २८ दशमलव २५, दोस्रोमा १७ दशमलव ५ तेस्रोमा १७ र चौथोमा ३५ दशमलव २५ सहित ९८ अंक प्राप्त गरी रुपन्देही सर्वोत्कृष्ट भएको हो । रुपन्देही कसरी सर्वोत्कृष्ट भयो भन्ने चर्चा नेपालभर छ । २०८० साउन पहिलो हप्ता गृह सचिव र प्रमुख जिल्ला अधिकारीबिचको कार्य सम्पादन सम्झौताअनुसार भएको मूल्यांकनमा रुपन्देही प्रशासन पहिलोपटक देशभरमा पहिलो बनेको हो ।

२०८० असोज १ गते हाजिर भई रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले रुपन्देही प्रशासनको नेतृत्व सम्हालेपछि कार्यसम्पादन चुस्त बनेको थियो ।

रुपन्देहीको कुशल प्रशासकको रुपमा सावित भएका अर्यालले भने यो नियमित प्रक्रिया रहेको र हरेक वर्ष नेपाल सरकार गृहमन्त्रालयले प्रजिअहरुसँग एक वर्षको लागि कार्यसम्पादन सम्झौता गर्ने गर्छ । जसको मूल्यांकन गर्न सय वटा सूचकांकको आधारमा कार्यालयको समग्र मूल्यांकनको आधार तय गरिएको हुन्छ । त्यसअन्तर्गत ७७ वटै जिल्लाको सारसहितको तालिका सार्वजनिक हुँदा सौभाग्यवस यो वर्ष रुपन्देही परेको हो ।

नेपाल सरकारको स्वीकृत निति, मापदण्ड गृह मन्त्रालयबाट प्राप्त निर्देशन र परिपत्रलाई अक्षरांस पालना गरेर हामी अगाडि गएका हौँ भने, सूचकांकको सबै विषयलाई हामीले तालिका बनाएर नियमित हिसाबले काम गर्दै जाने र काम सम्पन्न भएपछि त्यसलाई फेरि अनुगमनका हिसाबले हेर्ने र सबै काम सम्पन्न गरेर अगाडि जाने अभ्यास हामीले गरेकोले यसमा जिल्ला प्रशासन कार्यालयले जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरीलगायत सबै सरोकारवाला निकायको सहकार्यले हरेक सूचाकांकलाई सुक्ष्म हिसाबले विश्लेषण गरेर त्यो अनुसारको कार्यक्रम गरिएकोले पनि यो नतिजा आएको अर्यालले बताए । यसका अलावा हामीले अन्य जिल्लाभन्दा नमूना, नविनत्म र सृजनशील कामहरु हामीले गरेकोले गृहमन्त्रालयले उत्कृष्ट घोषणा गरेको छ ।




'खुला सिमाना जोखिम र चुनौती नभई अवसर पनि हो । हामीले खुला सिमालाई हेकका राख्दै अन्तरदेशीयसिमा हुन सक्ने अवाच्ति क्रियाकलापहरुलाई सुक्ष्म हिसाबले निगरानी गर्ने, सूचना संकलन गर्ने र कानुनभन्दा बाहिर भएको गतिविधिलाई तत्काल नियमन गर्नका लागि सबै सुरक्षा निकायहरुलाई एकीकृत, प्रभावकारी र समन्वयात्मक हिसाबले परिचालन गर्ने गरी व्यवस्थापन गरेकोले यो हाम्रोलागि राम्रो पक्ष रह्यो,' अर्यालले भने -'रुपन्देहीको राजनीतिक समुदाय परिपक्क छ, यहाँको मिडिया क्षेत्र व्यवसायिक र नागरिकहरुमा सहिष्णुता र आत्मिय व्यवहार भएकोले केहिँ गरौं भन्ने सोंचका नागरिक यहाँ पाएकोले सबै परिमाण स्वरुप यो नतिजा आएको हो । '

कार्यसम्पादन सम्झौतामा सूचकांकको रुपमा रहेको सय वटा कुराहरुमा अब्बल रहे पनि यसका अलवा अन्य केही कुरामा पनि केन्द्रित भई काम गरेको प्रजिअ अर्यालले बताए ।

सरकारी र सार्वजनिक जग्गा अतिक्रमण गर्ने गिरोह सक्रिय रुपमा लागेको बेला गौतमबुद्ध विमानस्थल रनवेको जग्गा विचौलियाहरुले मुआब्जा माग गरेकोमा दर्ता प्रक्रियाको जरोसम्म पुगेर राज्यको तर्फबाट भुक्तानी नदिने निर्णय गरेको, यसमा संलग्नलाई कारबाहीका लागि सिफारिस गरेको, यस्तै मसानघाटको जग्गा दर्ता प्रक्रिया, बुटवलको रानीगञ्जको जग्गा, लुम्बिनीमा संविधानसभा सदस्यले अतिक्रमण गरेको जग्गालगायत सार्वजनिक जग्गा र सम्पति हडप्ने र अतिक्रमण गर्नेहरु प्रति निर्मम रुपमा अगाडि बढेर नतिजा निकाल्न सकेकोले पनि रुपन्देही प्रशासनको कार्यसम्पादन उतकृष्ट हुन पुगेको आफूलाई महसुस भएको अर्यालले बताए ।

» *बाँकी ३ पेजमा*

## काभा महिला भलिबल उपाधि भारतको पोल्टामा

बुटवल । काठमाडौंमा सम्पन्न काभा महिला भलिबल नेसन्स लिगमा नेपाली राष्ट्रिय महिला भलिबल भारतसँग पराजित भएको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा बुधबार साँझ सम्पन्न फाइनलमा नेपाल भारतसँग ३-२ को सेटमा पराजित भएको हो । साविक विजेता भारतले लगातार दोस्रो पटक उपाधि उचालेको हो । पहिलो सेट २५-२३ ले जितेको नेपालले दोस्रो सेट भने १४-२५ ले गुमाउन पुग्यो । तेस्रो सेटमा २५-२२ को जित निकाल्दै नेपालले खेलमा पुनः अग्रता बनाएको थियो ।

तर चौथो सेट भने नेपालले २१-२५ ले गुमाउन पुग्यो । र पाँचौ तथा अन्तिम सेट नेपालले ५-१५ ले गुमाउँदा नेपाल उपविजेतामा चित्त बुझाउन बाध्य भयो ।

लिग चरणमा भारतलाई पराजित गर्दै इतिहास बनाएको नेपाल फाइनलमा भने त्यो लयलाई गुमाउन पुग्यो । भारतले भने लिग चरणमा भोगेको हारको बदला लिंदै उपाधिमाथि कब्जा जमायो ।

योसँगै नेपालले ५ वर्षअघि घरेलु मैदानमा भोगेको हारको बदला लिन चुकेको छ । यसअघि सन् २०१९ मा घरेलु मैदानमा नै भएको १३औं दक्षिण एसियाली खेलकुद (साग) मा नेपाल भारतसँग नै ३-२ को सेटमा पराजित हुँदै उपविजेतामा चित्त बुझाएको थियो ।

करिब चार दशक लामो इतिहास बोकेको महिला भलिबलले पहिलो पटक लिग चरणमा भारतलाई ३-२ को सेटमा हराउँदै इतिहास रचेको थियो ।

## एअर डाइनेस्टीको हेलिकप्टर दुर्घटनामा पाँच जनाको मृत्यु




**लुम्बिनी संवाददाता**

*बुटवल*

नुवाकोटको शिवपुरी गाउँपालिकामा एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ । बागमती प्रदेश प्रहरी कार्यालयका प्रमुख डीआइजी विष्णुकुमार केसीका अनुसार क्याप्टेनसहित पाँच जनाको शव निकालिएको छ ।

मृत्यु हुनेमा हेलिकप्टर पाइलट अरुण मल्लबाहेक अरु चार जना चिनियाँ नागरिक रहेका छन् । चिनियाँ पर्यटकमा जुदाङ टाङ (पुरुष), जी लि (पुरुष), यियाद वु (महिला) र जेमिङ सी (पुरुष) रहेका छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयले जारी गरेको विज्ञप्तिमा दुर्घटनाग्रस्त हेलिकप्टर काठमाडौंबाट उडेको ३ मिनेटपछि सम्पर्कविहीन भएको उल्लेख गरिएको छ । खराब मौसमका कारण एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटना भएको आशंका गरिएको छ । दुर्घटनास्थलको भौगोलिक अवस्था हेर्दा खराब मौसमका कारण दुर्घटना भएको जस्तो देखिएको शिवपुरी गाउँपालिकाका अध्यक्ष गोविन्द थपलियाले जानकारी दिए । यसअघि यही साउन ९ गते काठमाडौँबाट पोखरा उड्न लागेको सौर्य एयरलाइन्सको बम्बार्डियर जहाज उडान भर्ने बित्तिकै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दुर्घटनामा परेको थियो । जुन दुर्घटनामा १८ जनाको (पाइलट बाहेक) मृत्यु हुन पुगेको थियो । योसँगै १५ दिनमा हवाई दुर्घटनामा ज्यान गुमाउनेको संख्या २३ पुगेको छ ।

**तीन सदस्यीय आयोग गठन**

दुर्घटनाबारे छानबिन गर्न तीन सदस्यीय जाँचबुझ आयोग गठन भएको छ । मन्त्रिपरिषद्को बुधबार बसेको आकस्मिक बैठकले जाँचबुझ आयोग गठन गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए ।

आयोगको नेतृत्व नेपाली सेनाका वरिष्ठ पाइलट सुवास थापाले गर्नेछन् । एरोनोटिकल इञ्जिनियर विष्णु बस्नेत र तनुजा पोखरेल सदस्य छन् । काम सुरु भएको मितिले ३० दिनभित्र प्रतिवेदन पेस गर्न समयावधि तोकिएको प्रवक्ता गुरुङले बताए ।

## किशोरी मृत्यु घटनाको ६ वर्षपछि तीन जना पक्राउ



गुल्मी । गुल्मीमा ६ वर्षअघि एक किशोरीको रहस्यमय मृत्यु भएको घटनाको जिल्ला प्रहरी कार्यालयले हालै फाइल अगाडि बढाउँदै आरोपित ३ जनालाई अनुसन्धानका लागि पक्राउ गरेको छ ।

२०७५ साल असोज ९ गते साढे चार बजेको समयमा चन्द्रकोट गाउँपालिका ६ चिसापानीकी १७ वर्षीया किशोरी कविता परियार घरको कोठामा झुण्डिएको अवस्थामा मृत फेला परेकी थिइन् ।

त्यसअघि घरमा श्रीमान, सासु र ससुराले आफूलाई गालीगलौज र अनेकन धम्की दिने गरेको कविताले माइतीसँग बताएकी थिइन । त्यस घटनाको दुई वर्षअघि कविता र शंकर नेपालीबिच विवाह भएको थियो । उनको पेटमा १३ हप्ताको गर्भ थियो । उनले झुण्डिएर आत्महत्या गरेको नभई रहश्यमय रुपमा मृत्यु भएको भन्दै माइतीले जिल्ला प्रहरी कार्यालय गुल्मीमा जाहेरी दिएका थिए ।

सोही जाहेरीलाई अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालय गुल्मीले मृतक कविताका २३ वर्षीय श्रीमान शंकर नेपाली, ५४ वर्षीय ससुरा दधिराम नेपाली र ५३ वर्षीया सासु विष्णुदेवी नेपालीलाई पक्राउ गरी अनुसन्धान थालेको छ ।

त्यस कार्यालयका प्रहरी निरीक्षक रामकुमार केसीले दिएको विवरणअनुसार घटनाको ६ वर्षपछि यही साउन १५ गते तिनै जनालाई पक्राउ गरी अनुसन्धान थालिएको हो । बाग्लुङको बरेङ्ग गाउँपालिका ५ सुखौरा माइती घर भएकी कवितालाई शंकर नेपालीले झुक्काएर विवाह गरेको, परिवारलाई जानकारी नदिइ सिन्दुर लगाइदिएको, त्यस घटनाअघि परिवारले तनाव दिएर आफूलाई पीडा दिएको र झुण्डिएर आत्महत्या भनिएको कुरा पत्याउन नसक्ने खालको भएको हुँदा आफूहरुले बहिनीको मृत्यु रहश्मय रहेको आशंका गरेको मृतक कविताका दाजु रेशम परियारले बताए ।

२०७५ सालको उक्त घटनाको अनुसन्धान नभएको भनेर माइतीजन निरास भइरहेको बेला ६ वर्षपछि गुल्मी प्रहरीले उक्त घटनाको अनुसन्धान थालेकोमा माइतीजनले खुशी व्यक्ति गरेका छन् । उनको पोष्टमार्टम रिपोर्टमा झुण्डिएको उल्लेख भए पनि मुखबाट रगत बगेको, खुट्टाले भुँइ छोएको, छातीमा निलडाम रहेको उल्लेख गरिएको एक जना चिकित्सकले बताएका छन् । त्यस्तै उनको पेटमा १३ हप्ताको गर्भ रहेको पनि पोस्टमार्टम रिपोर्टमा उल्लेख छ । उनलाई परिवारको स्वीकृति विना बालविवाह गरिदिंदा आफैंमा कानुन विपरीतको घटना थियो ।



## सम्पादकीय

# हवाई दुर्घटनाको जोखिम

काठमाडौंबाट रसुवाको स्याफ्रुबेंसीतर्फ जाँदै गरेको एयर डाइनेष्टीको हेलिकप्टर बुधबार दिउँसो दुर्घटना हुँदा नुवाकोट शिवपुरी गाउँपालिका–७ सूर्यचौर डाँडा र गुर्जेभन्ज्याङको बिचमा दुर्घटना हुँदा पाँच जनाको निधन भएको छ। त्यसैगरी, केही दिनअघि काठमाडौंबाट पोखरा जाँदै गरेको सौर्य एयरलाइन्सको विमान उड्ने बित्तिकै दुर्घटना हुँदा १८ जनाको निधन भयो, घाइते पाइलटको उपचार भइरहेको छ।

लगातार जसो हवाई दुर्घटना हुँदा नेपाली आकाश असुरक्षित भएको सन्देश प्रवाह भएको छ। नेपालको हवाई उडान असुरक्षित भएको सन्देश प्रवाह हुँदा राज्यका निकाय बेखबर झैं छन्। जिम्मेवार निकायले दुर्घटनाको कारण खोज्ने र त्यस्ता कमजोरी हुन नदिन पहलकदमी लिने काम गरेका छैनन्। नागरिक उड्डयन प्राधिकरणले दुर्घटना न्यूनीकरणलाई पहलकदमी लिनुपर्ने हो, त्यसैगरी दुर्घटनाले प्रवाह भएको सन्देश रोक्न पनि उत्तिकै जरुरी छ। दुर्घटना संयोगबश हुने विषय हो। चाहे सडक दुर्घटना होस् वा चाहे विमान। जुनसुकै दुर्घटना भए पनि त्यसले हुने मानवीय क्षति उत्तिकै हो। चितवनको सिमलतालमा दुई बस दुर्घटना हुँदा बेपत्ता तीन दर्जन अझैं फेला परेका छैनन्। दुर्घटना भएका बसको पनि अत्तोपत्तो छैन। सडक दुर्घटनाभन्दा हवाई दुर्घटना अझैं संवेदनशील मानिन्छ। हवाई दुर्घटना भइरहँदा त्यसले अन्तर्राष्ट्रिय क्षेत्रमा प्रवाह हुने सन्देशले नेपालको पर्यटन प्रवर्द्धनमा नकारात्मक असर पर्छ। हिमाली क्षेत्रमा रहेका विमानस्थलमा ठूला जहाज जान सक्ने अवस्था छैन। ती विमानस्थल अग्ला पहाडको खोँचमा र साँघुरा छन्। ती विमानस्थलमा पर्यटक नियमित जान्छन्। नेपालको उत्तरी क्षेत्रमा पर्यटक जाने भनेको हिमाल हेर्न र उत्तरी क्षेत्रको बौद्ध संस्कृति अध्ययन गर्नका लागि हो। अर्कोतिर, मौसम पनि हवाई उडानको लागि सधैं अनुकुल छैन। तराईमा जाडोयाममा लामो समयसम्म शितलहर चल्दा विमान चल्न गाऱ्हो छ। पहाड र हिमाली क्षेत्रमा बर्खामास कुहिरो र बादलले हवाई उडानलाई असुरक्षित बनाइरहेको छ। संभवतः बुधबार भएको हेलिकप्टर दुर्घटना कुहिरोकै कारणले भएको हुनसक्छ।

हवाई उडानलाई सुरक्षित बनाउन मौसमको ख्याल गर्ने र जोखिम ठानेका बेला उडान अनुमति नदिनु नै राम्रो हुन्छ। कतिपय अवस्थामा पाइलटले नै जोखिम मोलेका र कतिपय अवस्थामा यात्रुले नै पाइलटलाई उडानका लागि बाध्य पारेका दृष्टान्त बाहिर आएका छन्। हवाई दुर्घटना भएपछि छानविन टोली बनाउने गरिएको छ। टोलीले दुर्घटनाको कारण खोतल्दै प्रतिवेदन दिँदै आएको छ। विगतका प्रतिवेदनको निष्कर्ष हेरेर आगामी रणनीति बनाउन सकिन्छ। विगतका दुर्घटनाको कारण खोजेर अगाडि बढ्दा भविष्यको गन्तव्य भरपर्दो बनाउन सकिन्छ। पर्यटनबाट मुलुकको समृद्धि हासिल गर्ने लक्ष्य लिएका बेला हवाई यातायातप्रति भरोसा र विश्वास जगाउन सक्नु नै महत्वपूर्ण हुनेछ।

# राज्य, सत्ता र जनहितका कुरा



**श्रीप्रसाद प्रसाईं**

सिद्धहस्त व्यक्तिको वर्तमान सत्ता सहयात्रा अवश्य नै देश र जनताको कल्याणकारी बन्ने अपेक्षा जनताको छ। यसैले, अहिलेका राज्य सञ्चालकहरू तस्कर र भ्रष्टको गोटी नबनून्। डुब्न लागेको मुलुकलाई उठाउन उल्लिखित सबै राष्ट्रघाती अपराधका दोषीलाई कानुनको कठघारामा उभ्याइ प्रशंसाको पात्र बनून्। यो गठबन्धित नेतालाई जनताले दिएको अवसर पनि हो।

राजा पृथ्वीनारायण शाहको यो दिव्य उपदेशको आशय न्यायकर्तालाई घुस दिएर न्याय आफ्नो पक्षमा पार्ने तथा सेवाग्राहीबाट घुस लिएर उसको पक्षमा न्याय प्रदान गर्ने न्यायकर्ता दुवैको जायजेथा र जिउ, ज्यान लिए पनि पाप लाग्दैन। किनकि यी दुवै व्यक्ति राज्यका शत्रु मात्र होइन, महाशत्रु हुन् भन्ने नै हो। यो कथन व्यवहारमा लागू नभए पनि अहिले पनि उत्तिकै अनुसरणीय र महत्वपूर्ण मानिन्छ।

करिब अढाइ सय वर्ष अगाडिका नेपालका शासक मुलुक र मुलुकवासीको हितका लागि कति उदार र संवेदनशील थिए भन्ने उद्गारले जनाउँछ। अहिलेको लोकतान्त्रिक शासन चलाउने उही मुलुकका जनप्रतिनिधिको मानसिकता कस्तो छ ? त्यो यहाँ उल्लेख गरिरहनुपर्दैन। आमसर्वसाधारण नागरिकले नै अनुभूति गर्दै आएका छन्। लोकतन्त्रले सत्ता सञ्चालक जनप्रतिनिधिलाई सर्वाधिकार सम्पन्न बनायो। यही पृष्ठभूमिमा मुलुक जनप्रतिनिधिद्वारा सञ्चालित भएको पनि १६ वर्ष बितिसकेको छ। यस अवधिमा लोकतन्त्र ल्याउन अग्रणी भूमिका निभएकै ७-८ जना नेताले राज्य सञ्चालन गरिसकेका छन्। यसमध्ये कोही बराबर दोहोरिए भने कोही दोहोरिएनन्।

दाहोरिएर मुलुकको कार्यकारी प्रमुख बन्ने व्यक्ति निश्चय नै अघिल्लो कार्यकालबाट खारिएको तथा अनुभव प्राप्त गरिसकेको दक्ष ठानिन्छ। दक्ष व्यक्तिको शासनकाल कोरा व्यक्तिको तुलनामा निश्चय नै प्रभावकारी हुनुपर्छ। विगतको अनुभवले दोहोरिएको राज्य सञ्चालकले अझैं सक्रिय रूपमा जनहितमा राज्य सञ्चालन गर्छन् भन्ने विश्वास जनताको हुन्छ। यसरी दोहोरिएर राज्य सञ्चालन गरिसकेका कार्यकारी प्रमुख प्रधानमन्त्रीहरूमध्ये कसको कार्यकालमा राज्य, तस्कर र भ्रष्टविरुद्ध कठोर बन्यो ? कसको कार्यकालमा सत्ता नै तस्कर र भ्रष्टको गोटी बन्यो ? भन्ने मूल्यांकन पनि सर्वसाधारण नागरिकले नै गर्दै आएका छन्।

मुलुक तस्कर र भ्रष्टकै लागि उर्वर बन्दा के कस्तो विकृति बढ्यो ? तथा सत्ता तस्कर र भ्रष्टका लागि रुखो वा कठोर बन्दा आशलाग्दा कार्य केके भए ? भन्ने कुरा पनि सर्वसाधारणको नजरबाट छिपेको छैन। तथापि, विगतकै अधिकांश लोकतान्त्रिक शासकहरू आलोचनाबाट मुक्त रहन भने सकेका छैनन्। यस पृष्ठभूमिमा बराबरको सत्ता परिवर्तन जनतालाई उत्साह जगाउने माध्यम बन्न नसकेकै अवस्थामा हालैको सत्ता परिवर्तनले भने केही आशाका लहर ल्याएको देखिन्छ। किनकि, अहिलेको सत्ता राष्ट्रिय राजनीतिकै निर्णायक शक्ति मानिने सर्वाधिक ठूला दुई दल नेपाली कांग्रेस र नेकपा एमालेकै गठबन्धनमा बनेको छ। यसर्थ, अहिलेको गठबन्धनले विगतको कमजोरी नदोहोऱ्याइ सबै नेपालीको चाहना सम्बोधन गर्दै राज्यलाई गतिशील बनाउने अपेक्षा जनताले राखेका छन्। यसलाई हामीले सकारात्मक रूपमा लिनुपर्छ।

घुस लिने र घुस दिने दुवैको ज्यान र धन लिए पनि पाप लाग्दैन। यसो भन्नुको तात्पर्य त्यस्ता व्यक्तिलाई सर्वस्वसहित मृत्यु दण्ड दिनुपर्छ। यी त राज्यका वा राजाका शत्रु हुन् भन्ने पृथ्वीनारायण शाहको कथन नेपालमा प्रचलनमा नल्याइएको भए पनि विश्वका केही मुलुकमा प्रयोगमा आइसकेको छ। नेपालको मात्र होइन, भ्रष्टाचार विश्वमै अक्षम्य अपराध मानिन्छ। भ्रष्टाचारले विश्वलाई नै आक्रान्त बनाएको छ। नेपालकै परिप्रेक्ष्यमा हेर्ने हो भने भ्रष्टाचार नहुने क्षेत्र कुनै छैन। आर्थिक, सामाजिक, प्रशासनिक, राजनीतिक क्षेत्र मात्र होइन, न्यायिक क्षेत्र नै यसबाट अछूत छैन। कसले कति दिन सक्छ, कसले कति लिन सक्छ ? यो त मुलुक सञ्चालन गराउने, गर्ने आधारभूत मापदण्ड नै बनेको छ। वित्तीय करोबार बढी हुने राज्य संयन्त्रमा नेताकै सेटिङमा भ्रष्टाचार विस्तारित भइरहेको छ। राजनीतिबाटै विस्तारित, संरक्षित सुसंगठित र संस्थागत भएकाले राष्ट्रिय राजनीति नै भ्रष्टाचारविरुद्ध एकत्रित नभएसम्म यसको अन्त्य हुने सम्भावनै छैन।

अहिले कुनै व्यक्तिको राजनीतिक जीवनको प्रारम्भ नै लेनदेनबाटै हुँदै आएको छ। लेनदेन हुने धनराशिको परिमाणले नै राजनीतिक हैसियत निर्धारण गर्दै नकावधारी राजनीतिकर्मीलाई सत्तामा पुऱ्याउँदै आएको छ। यसको दृष्टान्त बन्दै आएका कतिपय उद्योग व्यावसायी, उच्चस्तरीय ठेकेदार तथा व्यापारिक घरानाका व्यक्तिलाई हेरे पुग्छ। स्थानीय तहदेखि संघीय संसद्कै सदस्य बन्न तथा मनोनीत एवं निर्वाचित हुनु सत्तामा पुग्न चाहिने आधारभूत योग्यता नै नेता रिझाउने कला एवं प्रदान गर्ने नगद सहयोग बन्दै आएको विदितै छ। राजनीतिको विजारोपण नै भ्रष्टाचारमा अधारित हुँदा, यसले सामाजिक अपराध बढाएको छ। राष्ट्रसेवकलाई पेन्डुलम बनाएको छ। सर्वसाधारण नागरिकमा तनाव फैलाउँदै छ। राज्यकै ऐन कानुन हातमा लिएको छ। यति मात्र होइन, भष्ट्रले राजनीतिलाई सेवाबाट व्यापार व्यवसाय गर्ने पेसा बनाएको छ। इमानदार व्यापारीको व्यापारलाई तहसनहस बनाएको छ। इमानदार एवं नैतिकवान् राजनीतिक नेतालाई बदनाम गराएको छ। भष्ट्रले सर्वसाधारणको जनस्वास्थ्यमा खेलबाड गरेको छ। राष्ट्रघाती अपराधलाई बढावा दिएको छ। यति मात्र होइन, कतिपय भ्रष्टले मुलुककै गोप्य सूचना नै सम्प्रेषण गरिरहेका छन्।

भ्रष्टाचारको सञ्जाल राष्ट्रभित्र मात्र होइन, अन्तर्राष्ट्रिय जगत्सम्म सुसंगठित एवं विस्तारित हुँदै संस्थागत रूपमै मजबुत बनेको छ। भ्रष्ट नेतालाई हात लिई कुख्यात भ्रष्टले देश नै लुटिरहेका छन्। लुटेको राष्ट्रको सम्पत्ति पनि विदेश पुऱ्याइरहेका छन्। देश र देशवासीलाई चुस्ने भ्रष्टलाई राजनीतिक शक्तिले नै संरक्षण दिँदै आएकाले भ्रष्टसामु राज्य संयन्त्र नै मौन रहनुपर्ने अवस्था छ। मुलुकमा अहिले भ्रष्ट नै सबैभन्दा शक्तिशाली छन्। भ्रष्टले नै नेतालाई गोटी बनाएर राष्ट्रघाती अपराधबाटै मुक्ति पाउँदै आएका छन् भन्ने कुरा पुष्टि गर्ने विगतकै केही चर्चित घटनालाई स्मरण गरौं।

लोकतन्त्र स्थापित भएयताकै केही राष्ट्रघाती भ्रष्टाचारका दृष्टान्त यिनै हुन् : (१) धमिजा काण्ड (२) लाउडा काण्ड (३) बाइडबडी विमान खरिद प्रकरण (४) गिरिबन्धु टी-इस्टेटको जग्गा हिनामिना (५) बालुवाटारको जग्गा हिनामिना (६) त्रिभुवन विश्वविद्यालय र संस्कृत विश्वविद्यालय दाङको सरकारी जग्गा हडप (७) झापाको दमकस्थित खेलकुद रंगशालाको जग्गा अतिक्रमण (८) बालमन्दिरको जग्गा कब्जा (९) बाँसबारी छालाजुत्ता कारखानाको जग्गा कब्जा (१०) गोकर्ण रिसोर्ट प्रकरण (११) नेपाल ट्रस्टको विभिन्न स्थानमा रहेको जग्गा लिज प्रकरण (१२) नेपाल स्काउटको लैनचौरस्थित जग्गा कब्जा (१३) नेपाल आयल निगमको जग्गा खरिद प्रकरण (१४) माओवादी लडाकुको क्यान्टनमेन्टमा भएको घोटाला (१५) सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद प्रकरण (१६) कोभिड-१९ को समयमा भएको स्वास्थ्य सामग्री खरिद प्रकरण (१७) मेलम्ची खानेपानी योजनामा भएको घोटाला (१८) नक्कली भुटानी शरणार्थी प्रकरण (१९) पशुपतिनाथको सुनको जलरी प्रकण (२०) विभिन्न सहकारी संस्थाको रकम हिनामिना (२१) नक्कली लाइसेन्स वितरण प्रकरण (२२) अन्तःशुल्क स्टिकर छपाइ प्रकरण र (२३) टेरामक्स खरिद प्रकरणसमेत सर्वाधिक उच्च परिमाणका राष्ट्रघाती अपराध हुन्।

उपरोक्त घटनाहरू कुन कार्यकारी प्रमुखका पालामा, कुन नेताको संलग्नतामा कसरी भएको थियो भन्ने कुरा त अधिकांश सर्वसाधारण जनताले नै भन्न सक्छन्। यही समयमा राजनीतिक व्यक्तिकै आड र संरक्षणमा भएका अन्य प्रशासनिक भ्रष्टाचारको संख्या त अनेकौं छन्। त्यस्ता राष्ट्रघाती कार्यमा राष्ट्रसेवक कर्मचारी, बिचौलिया, निर्माण व्यावसायी, नकावधारी राजनीतिज्ञ, प्राविधिक तथा विविध क्षेत्र सम्बद्ध प्रतिष्ठित व्यक्ति नै संलग्न देखिन्छन्। घुस लिने र दिनेबीच भएको उल्लिखित केही चर्चित घटना नै पर्याप्त भने होइनन्। यस्ता घटना अरू पनि धेरै छन्। उल्लिखित चर्चित घटनाबाट मात्रै राष्ट्रलाई कति क्षति भयो ? यो सबैको कौतूहलताकै विषय हो। यदि, यसलाई सुक्ष्म रूपमा केलाएर हेर्ने हो भने उल्लिखित २३ घटनामा भएको क्षति मुलुकका लागि आवश्यक पर्ने करिब १० वर्षको बजेटभन्दा कमी नहुन सक्छ। लोकतन्त्र देश र जनताका लागि अभिषाप, नेताका लागि फलिफाप भएको दृष्टान्त नै यही हो।

उल्लिखित राष्ट्रघाती कार्यमा संलग्न कसुदारउपर कारबाहीको प्रक्रिया सशक्त नबनाइएको अवस्थाले मुलुक जननेताले होइन तस्कर र भ्रष्टका नेताले चलाएको आभास दिन्छ। उल्लिखित घटनाकै आपराधिक कार्यविधि उदांग पार्ने हो भने मुलुकमा अपराधीको राज्य स्थापित भएको, जननेता मुलुकमा कोही नभएको, लोकतन्त्रका नाममा लुटतन्त्र स्थापित भएको, राज्य प्रशासन नभएको तथा राष्ट्र र जनता नै पीडित बनेको पुष्टि हुन्छ। राज्य सञ्चालक नेताहरूकै तस्कर र भ्रष्टसँग भएको अप्राकृतिक गठजोडले मुलुक यस अवस्थामा पुगेको हो। यसलाई विगत १६ वर्षदेखिकै लोकतान्त्रिक उपलब्धि ठान्न जनता बाध्य भएका छन्। कहिल्यै मिलन नहुने अर्थात् नदीका दुई किनाराझैं अलग रहनुपर्ने नेता र तस्कर भ्रष्ट त अहिले सहकार्यको सारथी बनेका छन्। नेता र अपराधी नै एकै सिक्काका दुईपाटाजस्तै बनेकाले सिंगो मुलुक नै अपराध उन्मुख भएको छ। तस्कर र भ्रष्टले जसरी चलाउँछन्, उसैगरी चलेर नेताले आफ्नो कर्तव्य पूरा गरिदिएको उल्लिखित घटनाले पुष्टि गर्छ। यही प्रवृत्तिले निरन्तरता पाउँदै गए मुलुक र मुलुकवासीको प्रगति हुन्छ कि मुलुकै डुब्छ, यो हामी सबैको चिन्ता र चासोको विषय हो। वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीको ध्यान अब यसतर्फ जानुपर्छ।

राज्य प्रशासनमा अपराधीले कसरी कपड जमाएका छन् भन्ने कुरा हालै सार्वजनिक भएको किर्ते सवारीचालक अनुमतिपत्र वितरण प्रक्रियाले प्रमाणित गर्छ। स्मरण रहोस्, सवारीचालक अनुमतिपत्र प्रदान गर्ने क्रममा भ्रष्टाचार अध्यावधिक हुन्छ भन्ने कुरा प्रारम्भदेखि नै हुँदै आएको हो। यही प्रक्रिया राज्यको नियन्त्रणभन्दा बाहिर पुग्दा अहिले खुलेयाम हुन थालेको छ। २०७२ सालदेखि यताका ९ वर्षकै अवधिमा मात्र १ लाख २ हजार ७ सय ११ वटा नक्कली लाइसेन्स चालकको हातमा पुगेको छ। यसमा हाल सीआइबीले अनुसन्धान पनि गरिरहेको छ। यसमध्ये पनि पछिल्लो १ वर्षमा मात्र काठमाडौंको एकान्तकुनाबाट ५ सय २०, चावहिलबाट २ सय २०, ठूलोभऱ्याङबाट ४ सय १२ र जगातीस्थित यातायात व्यवस्था कार्यालयबाट ६४ गरी जम्मा १ हजार १ सय ५२ जना तथा इटहरीबाट ४ सय ७३, बुटबलबाट १ सय ३१ र कास्कीबाट ७९ गरी १९ सय ट्रायल फेल भएका व्यक्तिलाई पास गराएर ठूलो रकम यातायात व्यवस्था कार्यालयले हत्याएको सो कार्यालयकै अभिलेखले बताएको छ।

यसर्थ, भ्रष्टको चंगुलमा डुबेको मुलुकलाई उतार्ने दायित्व राज्य सञ्चालक नेताकै हो। पटकपटक प्रधानमन्त्री बनिसकेकै अनुभवी नेताले संयुक्त रूपमै अहिले राज्य सञ्चालनको जिम्मेवारी लिएका छन्। मुलुकको अवस्था, देश र जनताको आवश्यकता र भ्रष्टाचारको विद्यमान अवस्थामा उनीहरू सबैभन्दा जानकार पनि हुन्। त्यस्तै, सिद्धहस्त व्यक्तिको वर्तमान सत्ता सहयात्रा अवश्य नै देश र जनताको कल्याणकारी बन्ने अपेक्षा जनताको छ। यसैले, अहिलेका राज्य सञ्चालकहरू तस्कर र भ्रष्टको गोटी नबनून्। डुब्न लागेको मुलुकलाई उठाउन उल्लिखित सबै राष्ट्रघाती अपराधका दोषीलाई कानुनको कठघारामा उभ्याइ प्रशंसाको पात्र बनून्। यो गठबन्धित नेतालाई जनताले दिएको अवसर पनि हो।

राजधानीबाट

# नेप्से परिसूचकमा १०८ अङ्कको वृद्धि



काठमाडौँ। मङ्गलबार उच्च अङ्कले घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबारउच्च अङ्कको सुधार देखिएको छ। नेप्से परिसूचक एक सय आठ दशमलव ३५ अङ्कले बढेर दुई हजार सात सय ५९ दशमलव ६७ को विन्दुमा कायम भएको हो। नेप्से परिसूचक चार दशमलव ०८ प्रतिशतले बढेको हो। तीन सय ३० कम्पनीको तीन करोड ८० लाख ४१ हजार दुई सय ६७ कित्ता शेयर दुई लाख १२ हजार छ सय ८१ पटक खरिदबिक्री हुँदा रु १७ अर्ब ९५ करोड नौ लाख १८ हजार छ सय २७ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै अन्य समूहको उपसूचक सात दशमलव ८९ प्रतिशतले बढेको छ। बैंकिङ दुई दशमलव ३२, विकास बैंक चार दशमलव ५१, वित्त सात दशमलव ६३, होटल तथा पर्यटन पाँच दशमलव १३, जलविद्युत् पाँच दशमलव ७२, लगानी तीन दशमलव ८९ र जीवन बिमा तीन दशमलव ९७ प्रतिशतले बढेको छ।

त्यस्तै उत्पादन तथा प्रशोधन तीन दशमलव ५३, लघुवित्त दुई दशमलव १७, म्युचुअल फन्ड एक दशमलव ०१, निर्जीवन बीमा तीन दशमलव ०८ र व्यापार समूह पाँच दशमलव ५३ प्रतिशतले बढेको छ।

१० वटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। दुई सय ३९ कम्पनीको शेयर मूल्य बढ्दा तीनवटा कम्पनीको मात्रै घटेको छ। कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा हिमालयन इन्स्योरेन्स लिमिटेडको रु एक अर्ब ५३ करोड ५३ लाख ६० हजार चार सय ७३ बराबरको १६ लाख ९४ हजार २१ कित्ता शेयर किनबेच भएको छ।

# गोलभेडाका फाइदा कति धेरै !



**कपाल र छाला चम्काउँछ**

घामबाट आउने विकिरण, प्रदूषण आदिका कारण कपाल झर्ने, पातलो हुने, फुस्रो हुने र टुक्रिनेलगायत समस्या आउँछन्। साथै, छाला सुखा, रुखो र फुस्रो हुने गर्छ। गोलभेँडा खाँदा यसमा पाइने लाइकोपेन नामक तत्त्वले कपाल र छालालाई चम्किलो बनाइराख्छ। साथै, गोलभेँडालाई अनुहारमा दल्नाले यसले 'फेसियल क्लिन्जर'को काम राम्रोसँग गर्छ।

**क्यान्सरको जोखिम घटाउँछ**

गोलभेँडा खानाले यसमा पाइने लाइकोपेन नामक तत्त्वले शरीरमा क्यान्सरका कोषको विकास र विस्तार हुने क्रम कम हुन्छ भन्ने विभिन्न अनुसन्धानका नतिजाले देखाइसकेका छन्। खासगरी गोलभेँडा खानाले प्रोस्टेट र आन्द्राको क्यान्सर हुने सम्भावनालाई कम गर्छ। गोलभेँडा जति पकायो, यसमा रहेको लाइकोपेनको मात्रा उति बढ्ने भएकाले गोलभेँडा फत्काएर तयार पारेको अचार खाने गरिरहनुपर्छ।

गोलभेँडामा भिटामिन-के र क्याल्सियम प्रशस्त मात्रामा पाइन्छ, जसले हड्डीलाई बलियो बनाउँछ।

**चुरोटको हानि कम गर्छ**

चुरोट पिउने अथवा चुरोट पिउनेसँग निकटको सम्बन्ध हुने व्यक्तिको फोक्सोलगायत अंगमा समस्या उत्पन्न हुने गर्छ, जसलाई गोलभेँडामा पाइने काउमरिक एसिड र क्लोरोजेनिक एसिडले कम गरिदिन्छन्।

**रगत शुद्ध बनाउँछ**

गोलभेँडामा भिटामिन-ए र भिटामिन-सीजस्ता एन्टी-अक्सिडेन्ट तत्त्व प्रशस्त मात्रामा पाइन्छ, जसले रगतलाई शुद्ध बनाउँछ। गोलभेँडाको सलाद खायो भने भिटामिन-सीको आपूर्ति शरीरमा बढी हुन्छ।

**मुटु बलियो बनाउँछ**

गोलभेँडामा पाइने भिटामिन-ए, भिटामिन-बि, पोटासिमजस्ता तत्वले मुटुसम्बन्धी रोग लाग्ने जोखिम घटाउनुका साथै रगतमा कोलेस्ट्रोलको मात्रा बढ्नसमेत दिँदैन।

**सुगर नियन्त्रण गर्छ**

गोलभेँडामा क्रोमियम नामक तत्त्व पाइन्छ, जसले रगतमा सुगरको मात्रा बढ्नबाट जोगाउँछ। त्यही भएर डायबेटिजका रोगीले गोलभेँडा सकेसम्म बढी खाने गर्नुपर्छ।

**पाचनक्रिया बलियो बनाउँछ**

गोलभेँडा खाने गर्नाले कब्जियत निको हुने र पाचन क्रिया बलियो हुने गर्छ। खाना खाइसकेपछि अन्त्यमा पाकेको एउटा गोलभेँडा खाने गर्नु राम्रो हुन्छ।

**रोगप्रतिरोधी क्षमता बढाउँछ**

गोलभेँडामा पाइने भिटामिन-ए र खनिजले शरीरको रोगप्रतिरोधी क्षमता बढाउँछन्।

**तनाव घटाउँछ**

गोलभेँडामा भिटामिन-सी प्रशस्त मात्रामा पाइन्छ, जसले शरीरमा रहेको स्ट्रेस हार्मोन कम गरी व्यक्तिलाई तनावरहित बनाउन मद्दत गर्छ।

**बोसो कम गर्छ**

गोलभेँडा खाने गर्नाले शरीरमा कार्निटाइन नामक एमिनो एसिडको मात्रा बढ्छ, जसले शरीरमा रहेको अनावश्यक बोसो काट्ने गर्छ।

# टीआरसी प्रतिवेदन शीर्ष नेतालाई बुझाइयो



बुटवल । सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक (टीआरसी)मा सहमति जुटाउन गठित सहजीकरण संयन्त्रले सहमति जुटाएर तयार पारेको प्रतिवेदन बुधबार शीर्ष नेतालाई बुझाएको छ ।

कार्यदल सदस्यहरूले सहमतिको लिखित प्रतिवेदन एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई बुझाएको हो ।

प्रतिवेदन बुझेपछि प्रमुख तीन दलका शीर्ष नेताहरुले संक्रमणकालीन न्यायसम्बन्धी विधेयक संसदको यही अधिवेशनबाट पास गर्ने प्रतिबद्धता जनाएका छन् ।

प्रमुख प्रतिपक्षी दल, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले यो सहमति नेताहरुका लागि मात्र खुसीको विषय नभएको बताए । उनले यसलाई नयाँ सरकार बनेपछि भएको एउटा राम्रो काम भन्दै यो विधेयकलाई संसदको यही अधिवेशनमा पेश गरेर पास गर्न समेत आग्रह गरे ।

सत्तारुढ नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले यो सहमतिअनुसार शान्ति प्रक्रियाका बाँकी काम टुंगोमा पुर्‍याउँदा विश्वका लागि अनुकरणीय हुने बताए । एमाले अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले शान्ति प्रक्रियाको बाँकी काम टुंग्याउन यो सहमति टर्निङ प्वाइन्ट भएको बताए । कार्यदलले जुटाएको सहमतिलाई संसदको कानुन समितिले सर्वसम्मत रुपमा पास गर्ने उनको विश्वास छ ।

उक्त विधेयकमा सहमति जुटाउन कांग्रेसबाट गृहमन्त्री समेत रहेका नेता रमेश लेखक, माओवादी केन्द्रका नेता जनार्दन शर्मा र एमालेबाट महेश बर्तौला रहेको कार्यदल गठन भएको थियो ।

# मन्दिर पुनःनिर्माण गर्न 'हरेलो मेला'

बलेवा (बागलुङ) । बलेवा कालभैरव मन्दिरको पुनःनिर्माण, प्रचारप्रसार, संरक्षण र प्रवर्द्धन गर्न 'हरेलो मेला' लाग्ने भएको छ । बागलुङ नगरपालिका-१२ अमलाचौरस्थित काल भैरवको मन्दिर परिसरमा हागामी भदौको पहिलो मङ्गलबार हरेलो मेला लाग्ने भएको हो । यसअधिका वर्षमा ऐतिहासिक मेलालाई निरन्तरता मात्रै दिइएका यस वर्ष मेलाबाट सङ्कलन भएको रकम वर्षौं पुरानो मन्दिरको पुनःनिर्माणका योजना बनाइएको कालभैरव मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र ढकालले जानकारी दिए ।

सङ्घीय सरकारबाट रु २७ लाख प्रदेश सरकारबाट रु १० लाख बजेटको व्यवस्थापन भइसकेको जनाउँदै उनले थप स्रोत जुटाउन मेला आयोजना गरिएको बताए । "यहाँ स्वःस्फूर्त हुने मेलालाई तीन वर्षदेखि समितिले व्यवस्थापन गर्दै आएको छ", ढकालले भने- "यो वर्ष मेलाबाट हुने आम्दानी मन्दिरको पुनःनिर्माणमा लगानी गर्ने योजना बनाएका छौँ ।"

मेलामा भजन, पञ्चेबाजा, तीज गीतलगायत प्रस्तुतिका साथै छेलो फाल्ने प्रतियोगिता आयोजना गरिएको अध्यक्ष ढकालले जानकारी दिए । विभिन्न झाँकी तथा कलाकारको प्रस्तुति मेलामा रहनेछन् । मेला व्यवस्थापनका लागि विभिन्न उपसमिति गठन गरिएको छ । भैरवस्थान पुग्ने सडक सरसफाइ, मन्दिर परिसर सरसफाइ, शौचालय र खानेपानीको व्यवस्थापनसहित तयारी सुरु भइसकेका छन् ।

"यो ऐतिहासिक मेला हो, हरेलो मेलाले भैरवस्थानको प्रचारप्रसार र धार्मिक पर्यटन विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ", समितिका कोषाध्यक्ष चन्द्रबहादुर खत्रीले भने-"परम्परालाई संस्थागत गर्न मेलाको महत्वपूर्ण भूमिका रहन्छ ।"

मेला व्यवस्थापनका लागि गण्डकी प्रदेश सरकार र बागलुङ नगरपालिकाले रु तीन तीन लाख विनियोजन गरेका छन् । साथै विभिन्न बैंक तथा वित्तीय संस्था, व्यक्तिगत सहयोग र मेला स्थलमा स्टलको व्यवस्थापन गरेर अन्य स्रोत सङ्कलन गरिने खत्रीले बताए । उनका अनुसार मेलामा रु १३ लाख अम्दानी र रु १० लाख खर्च हुने अनुमान गरिएको छ । मेलाबाट सङ्कलन भएको रु तीन लाखले अन्य स्रोत सङ्कलनका लागि गर्न खर्च व्यवस्थापन गर्न सकिने भएकाले मन्दिर पुनःनिर्माणमा सहज हुने उनले बताए ।

हरेलो मेलामा आउने पर्यटकले बागलुङको पर्यटकीय घरबासको गाउँ भनेर चिनिने भकुण्डे, भकुण्डे भ्यू टावर, मुलाबारी पर्यटकीय क्षेत्र नजिकैबाट अवलोकन गर्न सक्छन् । भैरवस्थान आउने पर्यटकलाई बलेवा क्षेत्रमा रहेका अन्य धार्मिक तथा पर्यटकीय क्षेत्रमा पुर्‍याउन पहल गरिने ढकालले जनाए ।

बलेवा क्षेत्रमा पर्ने अग्लो बञ्जीजम्प, यान्त्रिक पुल, कालिगण्डकीमाथि बनेका अग्ला, लामा पुलहरु तथा जैमिनी धाम, गाजाको दहक्षेत्र र जैमिनीको हाँडिकोटलाई समेत जोड्न सकिन्छ । जिल्लाको एकमात्र विमानस्थल बलेवामा पर्ने गाउँ र सहरको समिश्रण जस्तै रहेको बलेवा क्षेत्रका बस्ती जिल्ला बाहिरबाट आउने पर्यटकका लागि आकर्षक गन्तव्य बन्ने बागलुङ-१२ का पूर्ववडाध्यक्ष गुरुदत्त पाठकले बताए ।

बाइसे-चौबिसे राजाकापालादेखि बलेवा कोटअन्तर्गतका सबै क्षेत्रमा भदौको पहिलो मङ्गलबार हरेलो पर्व मनाउने चलन रहेको जनाउँदै सोही परम्परालाई निरन्तरता दिँदै आइएको उनले बताए ।

खेतीपाती सकेपछि कीरा-फट्याङ्ग्रा र बाढीपहिरो नलागोस् भनेर यो पर्व मनाउने चलन रहेको बलेवा, पैयूँपाटाका भवानीप्रसाद रिजालले जनाए । रासस


## Madhyabindu Municipality
### Office of Municipal Executive
Madhyabindu-7, Chormara, Nawalparasi (East of Bardghat Susta)
Gandaki Province, Nepal

## Invitation for Bid

First Date of publication: 2024-8-8

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of Civil works and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Civil work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (With VAT& PS) | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 04/NCB/MB/WORKS/2081/82 | Girwari KholaPul DekhiMinaghat Jane Sadak Kalopatre, Madhyabindu -13 | NCB-WORKS | 12607994.11 | 3000/- | 3,00,000.00 | 90 days/ 120 days after bid opening | 2024-09-08 12.00 | 2024-09-08 14.00 |

Chief Administrative Officer


## कसरी...

यस्तै सेवा प्रवाहको हिसाबले बुटवलबाट केही दुरीमा रहेको मालपोत र नापी कार्यालयलाई नजिकै ल्याउने कुरामा पहल गरेको, भारतीय पर्यटकहरुलाई लक्षित गरेर भोगिरहेको समस्या पटके चलानी व्यवस्थालाई भन्सारसँगै राखेको, सिमा क्षेत्रको सुरक्षा व्यवस्थापनलाई अलि फरक ढंगले व्यवस्था गरी चेकजाँचलाई व्यवस्थित गर्न बेलहिया र ककरहवा नाकामा प्रविधिजडित वाकथ्रुसहितको प्रणालीको व्यवस्थापन गरेको अर्यालले बताए ।

'सुरक्षा व्यवस्थापन कडा छ भन्ने अनुभूत गराएका छौं, भारतीय पर्यटकीय गाडीलाई लक्षित गर्दै एकिकृत जाँच चौकीको व्यवस्थापन बेलहियामा गरेका छौं, लुम्बिनीमा पनि सुरवात गर्दैछौं । जहाँ नेपाल प्रहरी, सशस्त्र प्रहरी, ट्राफिक प्रहरी र भन्सारले एकै ठाउँमा गाडी चेकजाँच गरी पहेलो कार्ड लागू गर्छ, जुन रुपन्देही भरि कही चेक हुँदैन, यसको थालनी गरेका छौं,' अर्यालले भने-'साउदी अरबको जेलमा मृत्युदण्डमा पुग्न लागेका जनकपुरका रामाशिस यादवको जीवन रक्षाका लागि ब्लड मनी जुटाउनेसम्मका कार्यको नेतृत्व पनि म आफैंले गरें, त्यसमा उद्योगी व्यवसायीको साथ अतुलनीय रह्यो ।'

एउटै कम्पनीमा काम गर्ने रुपन्देहीका दुर्गाप्रसाद शर्मासँग भएको विवादका क्रममा छुरा प्रहारबाट साथीको हत्या अभियोगमा साउदी अरबको अदालतले सन् २०१८ सेप्टेम्बर ६ तारिखमा यादवलाई दोषी ठहर गर्दै पाँच वर्ष कैद सजाय तोकेसँगै पाँच वर्ष कैद पूरा गरेपछि पीडित परिवारसित 'ब्लड मनी' सम्झौता गर्न र पीडित परिवारकासित सम्झौता नभएमा मृत्युदण्ड हुने उल्लेख गरेको थियो । पीडकलाई कडा सजाय हुनुपर्ने भन्दै ब्लडमनीमा सम्झौता नगर्ने अडानमा रहेको पीडित परिवारलाई सम्झाई बुझाई सहमतीकालागि मनाउँदै रुपन्देहीका मनकारीहरुको सहयोगमा ४६ लाख बढी रकम जुटाउने नेतृत्व प्रजिअ अर्यालले गरेका थिए । जिल्ला प्रशासन कार्यालयमा अडियो नोटिस बोर्ड लागूलगायतका कार्यालयले २०औं शताब्दीमा नागरिकता र राहदानीको व्यवस्थापन गर्नुपर्छ भन्ने कुराभन्दा बाहिर गएर समग्र जिल्लाको सुरक्षा व्यवस्थापन, समन्वय, नागरिकसँग प्रशासन भन्ने अभियानलाई लिएर गएकोले यो नतिजा आएको प्रजिअ अर्यालले बताए ।

'जहाँ समस्या छ, जहाँ नागरिक छन्, त्यही पुग्नु पर्छ भन्ने मेरो मान्यता रहेकोले जहाँ समस्या हुन्छ क्षमता, स्रोत साधन र समयले भ्याउसम्म म पूग्ने गरेको छु, यो मेरो बानी रहेको ।-' उनले भने ।

प्रजिअ अर्यालको जनमैत्री कार्यले रुपन्देहीका आम नागरिकमा कर्मचारी प्रशासनमाथि देखिएको निराशालाई कमी ल्याएको थियो । प्रशासकले चाहेमा नागरिकसँग हातेमालो गरेर उत्कृष्ट काम गर्न सक्ने उदाहरणीय पात्रको रुपमा रुपन्देहीका प्रजिअ अर्याललाई धेरैले उदाहरणको रुपमा लिने गरेका छन् । युवा तथा विद्यार्थीहरुका बिचमा लोकप्रिय प्रजिअ उत्प्ररणाका स्रोत समेत मानिन्छन् ।

९७.७५ अंक ल्याई पाल्पा जिल्ला प्रशासन दोस्रो भएको छ भने तेस्रोमा बाग्लुङ आएको छ । बाग्लुङले ९७.६२५ अंक प्राप्त गरेको छ । त्यस्तै चौथो स्थानमा पश्चिम रुकुम जिल्ला प्रशासन कार्यालयले क्रमशः ९७.५ ल्याएको छ भने पाँचौंमा मकवानपुर र पर्वतले ९७.३७५ अंक ल्याएका छन् ।

पहिलो, दोस्रो, तेस्रो र चौथो चौमासिक रूपमा गरिने मूल्याङ्कनमा छैटौंमा गुल्मी प्रशासन आएको छ । जिल्ला प्रशासन कार्यालय गुल्मीले ९७ अंक ल्याएको छ । त्यसैगरी सातौंमा तेह्रथुम, आठौंमा रोल्पा, नवौंमा सोलुखुम्बु र १० औं नम्बरमा डडेलधुराले क्रमशः ९६.८७५, ९६.७५, ९६.५६२५ र ९६.४३७५ अंक ल्याएका छन् ।


## विमालेख हराएको सूचना !

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८१।३।१५ गते बरगदवादेखि नवलपरासी आउने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

**नामः– रुपेश चौधरी**
**ठेगाना – सोमनी गा.वि.स.–७, वर्गदवा**
**हालः प्रतापपुर गा.पा.–३, बरगदवा, नवलपरासी ब.सु.प.**
**बिमालेख नं.– २५११०४४५१**
**सम्पर्क नं.: ९८११५९७९४८**

## विमालेख हराएको सूचना !

मेरो निम्न व्यहोरा भएको लाइफ इन्सोरेन्स कर्पोरेशन नेपाल लि.को विमालेख यही मिति २०८१।०३।१२ गते कुडियादेखि परासी जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरूले नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन वा मेरो निम्न मोबाइल नम्बर वा ठेगानामा सम्पर्क गरिदिनु हुन विन्रम अनुरोध गर्दछु ।

**नामः– डिल्लीराम काफ्ले**
**ठेगाना – सुस्ता गा.पा.–२, कुडिया, नवलपरासी ब.सु.प.**
**बिमालेख नं.– २५११०८८५९**
**सम्पर्क नं.: ९८५७०८०१४८**

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला रुरु गा.वि.स. वडा नं. ०६ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, रुरुक्षेत्र गा.पा. वडा नं. ०६, बस्ने श्री नर बहादुर रेगामी को छोरी श्री लाल बहादुर दंगालको श्रीमती बर्ष ९२ को श्रीमती उमा देवी दंगाल भन्ने उमा मगर्नी (नागरिकता नं. १२५०६ जि.प्र.का गुल्मी मिति २०४५/०१/०७ मा जारी) को मिति २०८०/०५/२६ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०३४९५ मा भएको रकम भुक्तानी पाउँभनी निजको छोरा श्री चिन्त बहादुर दंगाल ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती उमा देवी दंगाल भन्ने उमा मगर्नी (नागरिकता नं. १२५०६ जि.प्र.का गुल्मी मिति २०४५/०१/०७ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपाल एसबिआई बैंक लि.**
**गुल्मी शाखा, गुल्मी**
**फोन ०७९–५२१०२९, फ्याक्स ०७९–५२११९४**

## एभरग्रिन डिष्टिलरी प्रा.ली को मूल्य सुची सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१/०४/२४

यस उद्योगबाट उत्पादित मदिराहरु आ.व. २०८१/२०८२ को लागि मिती २०८१/०४/२४ गते देखि लागू हूने गरी निम्न दररेट अनूसार नेपाल भरी विक्री वितरण गरिने हूंदा सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

| ब्राण्डको नाम | यु.पि. शक्ति | मि.ली. | वितरक मूल्य प्रति पेटी | वितरक कमिशन प्रति पेटी | थोक विक्रेता मूल्य प्रति पेटी | थोकविक्रेता कमिशन प्रति पटी | खूद्रा विक्रेता मूल्य प्रति पटी | खूद्रा विक्रेता कमिशन प्रति पेटी | उपभोक्ता प्रति पेटी मूल्य | उपभोत्ता मूल्य प्रति बोटल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| KHAJA APPLE, Litchi FLAVOUR Black Wood Extra Dry, Black Wood | ५० | १८० | ६२००.३१ | १८५.३२ | ६३८५.६३ | २१०.१८ | ६५९५.८१ | ३६४.१९ | ६९६०.०० | १४५.०० |
| Premium Globle Extra dry /Day To Night Apple/Banana/ Mango Flavour/ Vandom /Ice Box/ | ५० | १८० | ६०००.३० | १८०.८० | ६१८१.१० | २००.०१ | ६३८१.११ | ३३८.८९ | ६७२०.०० | १४०.०० |
| R.X. XXX,RX Extra Dry EG XXX, EG Extra Dry | ५० | १८० | ५८५०.०१ | १६०.४६ | ६०१०.४७ | २०३.४ | ६२१३.८७ | २६६.१३ | ६४८०.०० | १३५.०० |
| Langghali | ७० | ३०० | १२००.०६ | १००.५७ | १३००.६३ | १५०.२९ | १४५०.९२ | ४९९.०८ | १९५०.०० | ६५.०० |
| Nano Extra Dry (Premium) | ७० | ३०० | ११७५.२० | ८०.२३ | १२५५.४३ | १००.५७ | १३५६.०० | ४४४.०० | १८००.०० | ६०.०० |
| NANO (Orange, Litchi) JUNKIRI( Apple, Orange, Litchi, Lemon) | ७० | ३०० | ११२५.४८ | १००.५७ | १२२६.०५ | १५०.२९ | १३७६.३४ | २७३.६६ | १६५०.०० | ५५.०० |
| RODHI, KANDARA | ७० | ३०० | १०२६.०४ | ८०.२३ | ११०६.२७ | १२०.९१ | १२२७.१८ | २७२.८२ | १५००.०० | ५०.०० |

नोटः माथि उल्लेखित मूल्यमा स्थानिय कर बाहेक अन्तःशूल्क र मू.अ.कर समेत समावेश गरिएको छ ।

## विमा लेख हराएको सूचना

मेरो निम्न विवरण भएको हिमालयन लाईफ इन्स्योरेन्स लिमिटेडको विमा लेख मिति २०८१ जेष्ठ २ गते बुटवलदेखि भैरहवा जाने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय , इन्स्योरेन्स कम्पनीको कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

**नामः** कृष्ण प्रसाद भण्डारी
**ठेगानाः** तिलोत्तमा–१, रुपन्देही
**बिमालेख न. :** PLI १७००००६१८
**मोबाइल न. :** ९८६७२१३०८८

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



पुनःनिर्माण गरिएको गुल्मीको धुर्कोट गाउँपालिकामा अवस्थित ऐतिहासिक धुर्कोट दरबार ।

# गरिब देशमा मन्त्रीहरुको भीड गलत : भट्टराई



बुटवल । नेकपा एमाले पोलिटब्यूरो सदस्य खिमलाल भट्टराईले दलहरुलाई भाग पुराउन जम्बो मन्त्रिमण्डल बनाउनु गलत भएको बताएका छन् ।

राष्ट्रिय सभामा विपक्षी दलका पूर्व नेता समेत रहेका भट्टराईले मधेश प्रदेशमा २० सदस्यीय मन्त्रीमण्डल बनाइएकोप्रति इंगित गर्दै गरीब देशमा मन्त्रीहरुको भीड लगाउनु राम्रो नहुने उल्लेख गरेका छन् । उनले देशको, प्रदेशको आवश्यकताले मन्त्री बनाउने हो, भाग पुऱ्याउन होइन भन्दै सानो मन्त्रिमण्डल बनाउनुपर्ने सुझाएका छन् । अन्यथा जनताले संघीयतालाई मिल्काइदिने चेतावनी समेत उनले दिएका छन् ।

'साथीहरु, प्रदेशहरुमा मन्त्रीहरुको लावालस्कर किन चाहियो ? मन्त्री हुनेलाई पनि गौरव हुन्छ र ? मलाई त होला जस्तो लाग्दैन, देशको, प्रदेशको आवश्यकताले मन्त्री बनाउने हो, भाग पुऱ्याउन होइन, जनतातिर फर्कौं, सानो मन्त्रिपरिषद् बनाऔं, जनताको काम गरौं, संघीयता टिक्छ नभए जनता आफैं उठेर मिल्काइदिन्छन् ।'-भट्टराईले सामाजिक सञ्जालमा लेखेका छन् ।।

भट्टराई एमाले विपद् व्यवस्थापन तथा स्वयंसेवा विभाग प्रमुख तथा प्रतिनिधिसभा क्षेत्र नम्बर ३, रुपन्देहीका इञ्चार्ज समेत हुन् ।

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मंगलबार पुनः मन्त्रिपरिषद् विस्तार गरेका छन् । ५ जना राज्यमन्त्री नियुक्त भएपछि मन्त्रिपरिषद् अहिलेसम्मकै ठूलो आकार २० सदस्यीय बनेको छ ।

यसअघि १५ सदस्यीय मन्त्रिपरिषद् थियो । मधेशमा मुख्यमन्त्रीको कार्यालयबाहेक ११ मन्त्रालय छन् ।

# पहिरोमा ज्यान गुमाएकाहरुको सामूहिक दाहसंस्कार

गुल्मी । गुल्मीमा पहिरोले पुरिएर मृत्यु भएकाहरुको सामूहिक दाहसंस्कार गरिएको छ । जिल्लाको मुसिकोट नगरपालिका-१ बिसौनामा मङ्गलबार बिहान पहिरोमा परि मृत्यु भएका दुई घरपरिवारका चार जनाको बुधबार स्थानीय बढीगाढ खोलामा सामूहिक दाहसंस्कर गरिएको हो ।

मङ्गलबार बिहान ९ बजे बिसौनाका विष्णु विकको घर पहिरोले पुरिँदा उनकी ६६ वर्षीया आमा मसुरी विक, दुई वर्षीया छोरी रियन्सी विक, ६७ वर्षीय हुकुम विक र ४६ वर्षीय गोरे विकको मृत्यु भएको थियो ।

जिल्ला प्रशासन कार्यालय गुल्मीले सदरमुकाम तम्घासबाट चिकित्सक पठाएर घटनास्लथलमै शव परीक्षण गरी आफन्तको जिम्मा लगाइएको थियो । उक्त शवलाई बुधबार बिहान हिन्दू परम्पराअनुसार दाहसंस्कार गरिएको हो ।

उक्त घटनामा परि विष्णु विक र उनकी श्रीमती मुना विक गम्भीर घाइते भएका थिए । उनीहरुको अहिले मेडिकल कलेज प्रवास पाल्पामा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ । यसअघि गत आसार १४ गते गुल्मीको मालिका गाउँपालिका-६ अर्जेमा पहिरोले घर पुरिँदा एकै घरका पाँच जनाको मृत्यु भएको थियो ।

# मासु खाँदा हड्डी अड्किएर मृत्यु

नवलपरासी । नवलपुरमा मासु खाँदा घाँटीमा हड्डि अड्किएर एक जनाको मृत्यु भएको छ ।

नवलपुरको गैँडाकोट नगरपालिका १ गंगानगरमा छोरी कमला रानाभाटको घर पाहुना आएका कमलाका बुवाको मृत्यु भएको हो ।

तनहुँको भिरकोट नगरपालिका ३ पिपलबारी बस्ने ५९ वर्षीय अमबहादुर राना मगरको मृत्यु भएको हो ।

मंगलबार छोरीको घर आएका उनको बुधबार बिहान खाना खाने क्रममा घाँडीमा हड्डि अड्किन गई बिरामी भई तत्काल उपचारको लागि चितवनको सरकारी अस्पताल भरतपुर लगिएकोमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी नायव उपरीक्षक वेदबहादुर पौडेलले बताए ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवा

## खाद्य पदार्थको पैठारी पूर्व स्वीकृति तथा नाकामा प्रवेश अनुमति लिनुपर्ने सम्बन्धमा पैठारीकर्ताहरूका लागि सूचना

मिति १९ श्रावण २०८१ देखि लागू हुने खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा १३ को उपदफा (१) बमोजिम खाद्य पदार्थको पैठारी गर्न चाहने खाद्य व्यवसायीले खाद्य पदार्थ पैठारी गर्नुअघि विभाग वा विभागले कार्यालयबाट स्वीकृति लिनुपर्ने र उपदफा (२) बमोजिम खाद्य पदार्थ पैठारी गर्नुअघि स्वीकृति प्राप्त गरी पैठारीको लागि प्रवेश नाकामा ल्याइएका खाद्य पदार्थ नेपालभित्र पैठारी गर्नुअघि विभाग वा विभागले तोकेको कार्यालयबाट प्रवेश अनुमति लिनुपर्ने अनिवार्य प्रावधान रहेको र सो बमोजिम नगरेमा ऐनको दफा ४० (ग) बमोजिम कसूर गरेको मानिने भएकोले ऐनको दफा २ (घ) बमोजिम परिभाषित सम्पूर्ण खाद्य पदार्थहरुको पैठारी गर्नुअघि विभागबाट स्वीकृति लिई मात्र आयात गर्ने र भन्सार नाकामा आए पश्चात भन्सार नाकास्थित विभाग अन्तर्गतका खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयबाट प्रवेश अनुमति लिई मात्र खाद्य पदार्थ पैठारी गर्नु गराउनु हुन सम्पूर्ण खाद्य पदार्थ पैठारीकर्ताहरुलाई सूचित गरिन्छ । अन्यथा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय
बेलहिया, रुपन्देही, नेपाल
फोन: ०७१-५७५०४८ इमेल: fieqco.belhiya@gmail.com


HYDRABADI
DUM BIRYANI
Quality Lasi Center




HALAL
9809529708, 9826426071
Butwal-6, Nepalgunj Road
www.hydrabadimatkadumbiryani.com

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र






"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com